**मन्थली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मन्थली, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

## नदीजन्य कच्चा पदार्थ उत्खनन,संकलन र विक्रीको कर शुल्क संकलनका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

( सातौं पटक प्रकाशित मितिः २०८२/११/१४)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस मन्थली नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा १९ को व्यवस्था बमोजिम मन्थली नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित क्षेत्र र परिमाण मध्य ठेक्का बन्दोबस्त हुन बाकी तपसिलमा उल्लेखित परिमाणमा नबढ्ने गरी देहायमा उल्लेखित क्षेत्रहरुमा नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री कार्यको कर संकलन कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र व्यक्तिगत स्थायी लेखा नम्बरको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सवैको लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि. नं | सुचना नं. /बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिणाम (घनफिट) | न्युनतम बोलपत्र रकम (मु.अ.कर बाहेक रु.) | धरौटी रकम | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिदको अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | 07/MM/RS/ 082/083 | ढुङ्गा, गिट्टी र बालुवा विक्री कर संकलन कार्य (सुकाजोर खोलाको मचवारी पुच्छार देखि तामाकोशी दोभानसम्म मनपाको क्षेत्र) | १७६०२५ | १२३२१७५/- | कबोल अंकको ५% | ३००० | २०८२/११/२८ गते कार्यालय समय सम्म | २०८२/११/२९ गते दिनको १२ बजे सम्म |
| २ | 08/MM/RS/ 082/083 | ढुङ्गा, गिट्टी र बालुवा विक्री कर संकलन कार्य (तामाकोशी नदिको हातीटार देखि कुनौरी सम्मको क्षेत्र) | ३२०४९६ | २२४३४७२/- | कबोल अंकको ५% | ३००० | २०८२/११/२८ गते कार्यालय समय सम्म | २०८२/११/२९ गते दिनको १२ बजे सम्म |
| ३ | 09/MM/RS/ 082/083 | ढुङ्गा, गिट्टी र बालुवा विक्री कर संकलन कार्य (मिल्ती खोला बगर बेशी देखि मिल्ती खोला दोभान सम्मको मिल्ती खोलाको मनपा क्षेत्र ) | ९९६२७ | ६९७३८९/- | कबोल अंकको ५% | ३००० | २०८२/११/२८ गते कार्यालय समय सम्म | २०८२/११/२९ गते दिनको १२ बजे सम्म |
| ४ | 11/MM/RS/ 082/083 | ढुङ्गा, गिट्टी र बालुवा विक्री कर संकलन कार्य (मनपा ६ को त्रिवेणी बगर देखि घडेरी बगर सम्म तामाकोशी र सुनकोशी नदीको मनपा क्षेत्र) | २०३५४७ | १४२४८२९/- | कबोल अंकको ५% | ३००० | २०८२/११/२८ गते कार्यालय समय सम्म | २०८२/११/२९ गते दिनको १२ बजे सम्म |

शर्तहरुः

१. इच्छुक बोलपत्रदाताहरुले फर्मको हकमा चालु आ.व. २०८२/०८३ को फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणको प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र प्यान नम्बरको प्रतिलिपीको साथमा माथी उल्लेखित नगद दस्तुर यस कार्यालयमा नगदै बुझाई वा यस

कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मन्थली रामेछापमा रहेको खाता नं. १६८०१००३०१०१०००२ मा नगद जम्मा गरेको भौचर (फिर्ता नहुने गरी) साथ निवेदन पेश गरि यो सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रदाताहरुले आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मन्थली रामेछापमा रहेको धरौटी खाता नं. १६८०१००३०३००००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा ९० दिनको म्याद सहित जारी गरिएको विड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी बोलपत्र खोल्ने समयसम्म बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद वा दर्ता हुने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयभित्र खरिद तथा दर्ता क्रमशः गर्न सकिनेछ ।

५. मन्थली नगरपालिकाले तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाण, क्षेत्र र नाप बमोजिम मात्र उत्खनन् अनुमति हुनेछ ।

६. उत्खनन् हुने नदीजन्य पदार्थको सम्बन्धित व्यवसायी वा फर्मले अनिवार्य रुपमा सूचनापाटी राखी नगरपालिकासँग स्वीकृती लिइ घाटगद्धि गरेर नगरपालिकाबाट आवधिक रुपमा परिमाण प्रमाणित गरी विक्री गर्न पाउनेछ ।

७. बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले राजपत्रमा प्रकाशित गरेको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको ऐन २०८२ को दफा ९ को उपदफा ५ बमोजिम कबोल मूल्यको १५ प्रतिशतसम्म थप गरी नदीजन्य पदार्थको विक्री मूल्य कायम गर्न पाउनेछ तर सोभन्दा बढी विक्री मूल्य कायम गर्न पाउने छैन ।

८. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

९. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

१०. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भइ नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७२/१०/२० को निर्णय बमोजिम नेपाल सरकार/ दातृ निकायद्वारा संचालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माणजन्य सामाग्री विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE/EIA को परिधीभित्र रहि) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट कर शुल्क असुल गर्नेछ ।

११. रोडा, ढुङ्गा, बालुवा, ग्रावेल विक्री ठेक्कमा रोडा, ढुङ्गा, बालुवा, ग्रावेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन । साथै खोला नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छाडेर प्रतिवेदनमा तोकिएको स्थानहरुबाट मात्र रोडा, ढुङ्गा, बालुवा, ग्रावेल निकाल्नु पर्नेछ ।

१२. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सोभन्दा कम अवधिमा पनि विक्री गर्न सकिनेछ साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनैपनि किसिमको क्षतिपूर्ति पाइनेछैन । IEE प्रतिवेदनमा उल्लेख भएको अवधि बाहेकमा नदी/खोलाबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर घाटगद्धि गरि राखेको सामाग्री विक्री गर्न बाधा पर्ने छैन ।

१३. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाइएमा प्रचलित कानून बमोजिम कार्बाही हुनेछ ।

१४. जुन आर्थिक वर्षको लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्षभित्र उक्त ठेकेदारले उत्खनन् गरेका रोडा, ढुङ्गा, बालुवा, ग्रावेल सो क्षेत्रबाट उठाईसक्नु पर्नेछ ।

१५. नदी प्रवाहको दिशा परिवर्तन हुने गरी ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल उत्खनन् गर्न पाइने छैन ।

१६. नेपाल सरकार वा सरकारी निकाय तथा मन्थली नगरपालिकामा बाँकी बक्यौता रहेका, कालोसूचीमा परेका, सरकारी बेरुजु रहेका व्यक्ति वा फर्मले यस प्रक्रियामा भाग लिन पाईने छैन, यदि उल्लेखित बक्यौता बाँकी रहेका फर्म वा व्यक्तिले भाग लिएमा यसबाट उत्पन्न हुनसक्ने कानूनी कर्तव्य र दायित्वको सम्बन्धमा स्वयं जवाफदेही हुनुपर्नेछ ।

नोटः यो सूचना सम्बन्धी थप जानकारी मन्थली नगरपालिकाको फेसबुक पेज हाम्रो मन्थली नगरपालिकामा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत